वडाध्यक्षलाई न्याय दिलाउन माग गर्दै प्रदर्शन

सुनील महर्जन, ललितपुर

ललितपुर महानगरपालिका-३ का वडाध्यक्ष श्रीगोपाल महर्जनलाई छिटोभन्दा छिटो न्याय दिलाउन माग गर्दै कर्मचारी संगठनले गरेको प्रदर्शनका कारण सोमबार ललितपुर महानगरपालिका र अन्तर्गतका सबै वडाहरूको काम ठप्पप्रायः रह्यो।

वडाले प्रक्रिया पुऱ्याएर कानुनबमोजिम गरिएको नाता प्रमाणितलाई मेडिकल माफियाको गिरोहले कीर्ते गरेर वडाध्यक्ष महर्जनलाई फसाइएको भन्दै कर्मचारीले महानगरपालिकाको प्राङ्गणमा प्रदर्शन गरेका हुन्।

स्थानीय तह कर्मचारी नेपाल महानगरपालिका इकाइ, नेपाल राष्ट्रिय कर्मचारी संगठन स्थानीय तह महानगरपालिका इकाइको आह्वानमा भएको सो प्रदर्शनमा उनीहरूले 'मेडिकल माफियालाई कारबाही गर', 'निर्दोष जनप्रतिनिधि रिहा गर', 'स्थानीय जनप्रतिनिधि एक होऔँ', 'सम्पूर्ण कर्मचारी एक होऔँ' र 'षड्यन्त्रकारीलाई कारबाही गर' भन्दै नाराबाजी गरेका थिए। कर्मचारी सम्बद्ध संगठनको प्रदर्शनमा महानगरपालिकाका विभिन्न शाखा, महाशाखाका प्रमुखसहित सामाजिक परिचालक र वडाका वडाध्यक्ष र वडा सदस्यहरू पनि ऐक्यबद्धता जनाउँदै सहभागी भएका थिए।

'वडाध्यक्ष महर्जन एक निस्वार्थ र इमानदार जनप्रतिनिधि हुन्। वडाले बनाएको नाता प्रमाणितपत्रमा फोटो परिवर्तन गरी मानव अंग बेचबिखनजस्तो जघन्य अपराधमा प्रयोग गरिएको रूपमा हामीले बुझेका छौँ। यो मिर्गौला तस्करी गर्नेहरूको जालझेल हो', कर्मचारी संघ महानगरपालिका इकाइका अध्यक्ष बाबुराजा महर्जनले भन्नुभयो- 'यसले निष्पक्षरूपमा छानबिन गरी चाँडोभन्दा चाँडो न्याय दिलाउनुपर्ने हाम्रो माग रहेको छ।'

वडाले बनाएको नाता प्रमाणित पत्रलाई पनि आधार बनाएर मिर्गौला तस्करी गरिएको र त्यसमा संलग्नताको आरोपमा वडाध्यक्षलाई असार २६ गते शनिबार नेपाल प्रहरीको मानव तस्कर ब्युरोले नियन्त्रणमा लिएको थियो। अनुसन्धानको क्रममा वडाध्यक्ष महर्जनलाई लामो समय हिरासतमा रखिएको भन्दै कर्मचारी संगठन ललितपुर इकाइका अध्यक्ष रामकुमार ढकालले यस्तो कार्यले प्राकृतिक न्यायको सिद्धान्त उल्लंघन गरेको धारणा राख्नुभयो।

लामो समयसम्म जनप्रतिनिधिलाई हिरासतमा राख्नु भनेको स्थानीय तहबाट प्रवाह हुने सेवा प्रवाह र विकास निर्माणको कार्य नै अवरुद्ध भएको पनि कर्मचारीले निष्कर्ष निकालेका छन्। कर्मचारी संगठनहरूले महर्जनको अनुसन्धान कार्यमा र न्यायिक प्रक्रिया अपेक्षाकृत ढिलाइ भएको भन्दै दिनभर कलम बन्द गरेका थिए। कर्मचारीले कलम बन्द गरेपछि महानगरपालिकाको सम्पूर्ण कामकारबाही प्रभावित रह्यो।

महर्जनलाई षड्यन्त्रकारीले आफ्नो चंगुलमा फसाएको आम जनमानसको बुझाइ रहेको छ। स्थानीय तह सरकार सञ्चालन गर्ने ऐन २०७४ बमोजिम नाता प्रमाणित गर्नुपर्ने सिफारिस वडालाई प्रत्यायोजन गरिएको छ। आफ्नो कर्तव्य पालनामा भएका कामलाई फौजदारी मुद्दाअन्तर्गत हिरासतमा राखिएको भन्दै जनताको आक्रोश दिनप्रतिदिन बढिरहेको छ। महर्जनलाई लगाइएको आरोपको निष्पक्ष र छिटोभन्दा छिटो छानबिन गर्न माग राख्दै विभिन्न तहतप्काले प्रेस विज्ञप्ति प्रकाशित गर्ने र लगातार प्रदर्शन गर्दै आउनुलाई राजनीतिक आग्रह पूर्वाग्रहबाट अलग रहेर हेर्ने हो भने यही भावनाको रूपमा लिन सकिने ललितपुर महानगरपालिका-२१ का वडाध्यक्ष रवीन्द्र महर्जनको भनाइ रहेको छ।

यसअघि पुल्चोकमा सञ्चालित पुच्वः बचत तथा ऋण सहकारी संस्था र पुच्व माइला सनाः गुठीले मिर्गौला प्रकरणमा वडाध्यक्षलाई फसाइएको दाबी गर्दै निष्पक्ष छानबिनको माग गर्दै आवाज उठाउँदै आएका छन्। वडाध्यक्ष महर्जनलाई जबरजस्ती फसाइएको भन्दै बिनासर्त रिहाइको समेत टोलबासीले माग गरेका छन्।

गुठीका अध्यक्ष बलबहादुर महर्जनले जारी गर्नुभएको विज्ञप्तिमा वडाध्यक्ष महर्जनले गलत व्यक्तिहरूले षड्यन्त्रपूर्वक जालझेल गरेर गैरकानुनीरूपमा फसाउन खोजेको भनिएको छ। निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न पनि विज्ञप्तिमा भनिएको छ। महर्जनको पक्राउमा षड्यन्त्रकारीको हात भएको जनाउँदै विभिन्न संघसंस्थाले सूक्ष्म अनुसन्धान आवश्यक रहेको सम्बन्धित निकायलाई ध्यानाकर्षण गराइसकेका छन्।

त्यसै गरी पुल्चोक टोल सुधार समितिका कार्यवाहक अध्यक्ष सुरेन्द्रकुमार शाक्य र पुल्चोक स्पोर्टस क्लबका अध्यक्ष रवीन्द्र जोशीले संयुक्तरूपमा प्रेस विज्ञप्ति जारी गरेर इमानदार र पारदर्शीपूर्ण तवरले समाजमा सदा समर्पित व्यक्तित्वलाई फसाइएको घटनाबारे स्तब्ध भएको जनाएको छ। इमानदार र निष्पक्ष जनप्रतिनिधिलाई जनताको सेवामा समर्पित हुनबाट वञ्चित गराई राज्यले अनुसन्धान अघि बढाएकोमा आपत्ति जनाएको छ।

यसै गरी ज्यापू समाज ललितपुरले वडाध्यक्ष महर्जनलाई अविलम्ब प्रहरी हिरासतबाट मुक्त गर्न माग गरेको छ। समाजका अध्यक्ष चन्द्र महर्जनले हस्ताक्षर गरी प्रकाशित विज्ञप्तिमा आफ्नो कर्तव्य पालनाका क्रममा भएका कामलाई लिएर गिरफ्तारी गरिनु स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रतिकूल रहेको भनिएको छ। महानगरपालिकाको कार्यपालिकाका तर्फबाट यसअघि विज्ञप्ति प्रकाशित गरिसकेको छ।

महर्जनले हालसम्म प्रहरी, सरकारी वकिललाई आफ्नो बयान दिइसक्नुभएको छ। अनुसन्धानमा संलग्न प्रहरीका अनुसार पनि वडाध्यक्ष महर्जनले खराब नियतले काम गरेको कतै पनि देखिएको छैन।

लकडाउनपछि सर्वोच्चमा सबैभन्दा बढी इजलास गठन

काठमाडौं, (नेस)

लकडाउनपछि सर्वोच्च अदालतमा पहिलोपटक सोमबार १० वटै इजलास गठन भएका छन्। लकडाउनको समयमा र लकडाउन खुलेपछि पनि सीमित इजलास मात्र गठन भएको सर्वोच्चमा सोमबार पहिलोपटक १० वटै इजलास गठन भएको हो।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको सहित ११ वटा इजलास रहेको छ। तीमध्ये आइतबार १० वटा इजलास गठन भएका थिए। ती इजलासमा सुनुवाइका लागि भनी १ सय ६० वटा मुद्दा पेसीमा चढाइएका थिए। तीमध्ये ३७ वटामा फैसला भएका छन्।

लकडाउनको अवधिमा सर्वोच्च अदालतमा कोभिड-१९ र बन्दीप्रत्यक्षीकरणसँग सम्बन्धित मुद्दा मात्र सुनुवाइ हुने गर्दथ्यो। सो अवधिमा एकाध इजलास मात्र गठन हुने गर्दथे। साउन १ गतेदेखि ... इजलास गठन गरिएको भए तापनि ११ गते आइतबार भने ९ वटा इजलास गठन भएका थिए। सो दिन १ सय ९ वटा मुद्दा सुनुवाइका लागि पेसीमा चढाइएको भए पनि जम्मा १६ वटा मात्र फैसला हुन पुगेका थिए। त्यसपछि सोमबार लकडाउनभन्दा अघिका दिन जस्तै गरेर मुद्दा पेसीमा चढेका थिए।

सर्वोच्चका एक कर्मचारीले भने- 'सोमबार लकडाउनपछि सबैभन्दा बढी मुद्दाको पेसी चढेको दिन भयो। यस दिन १ सय ६० वटा मुद्दा पेसीमा चढेका थिए। लकडाउनअघि यस्तै संख्यामा मुद्दा पेसीमा चढ्दथे।' सर्वोच्चमा भने केही भीडभाड बढ्न थालेको ती कर्मचारीले बताए।

सप्तरीमा एक न्यायाधीशलाई कोरोना भाइरस देखिएपछि न्यायालयमा सजगता अपनाउनुपर्ने आवश्यकता भएको एक कानुन व्यवसायीले बताए। नेपाल बार एसोसिएसनका

प्रहरीद्वारा २९ थान मोबाइल फिर्ता

लमजुङ, (नेस)

लमजुङ प्रहरीले हराएका २९ थान मोबाइल फिर्ता गरेको छ। हराएको उजुरी परेका ३३ थान मोबाइलमध्ये २९ थान मोबाइल प्रहरीद्वारा सोमबार मोबाइल धनीलाई बुझाइएको हो।

जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख डीएसपी गंगाबहादुर थापाले ४ लाख ८० हजार ५ सय मूल्य बराबरका चोरी भएका मोबाइलहरू सम्बन्धित धनीलाई फिर्ता गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'साउन ६ गतेदेखि ११ गतेसम्म हराएका मोबाइल लमजुङ प्रहरीले खोजी कार्य गरी सम्बन्धित व्यक्तिलाई फिर्ता गरेको हो।' मोबाइल हराएको उजुरीका आधारमा खोजीकार्य गरी भेटिएका मोबाइल फिर्ता गरिएको उहाँको भनाइ छ।

नेपाल बङ्गलादेश बैंक लिमिटेड
THE BANK FOR EVERYONE
नयाँ सडक शाखाको
NEPAL BANGLADESH BANK

निक्षेप उपर हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

यस बैंकको नयाँ सडक शाखा कार्यालयमा लय प्रसाद भण्डारीको नाममा बचत खाता नं. ००२०१६३२१G खोली कारोबार गर्दै आउनु भएका हिलियाङ गा.पा. वडा नं. १ पाँचथर बस्ने बिष्णु प्रसाद भण्डारीको नाती, पदम लाल भण्डारीको छोरा **श्री लय प्रसाद भण्डारी**को मिति २०७७/०१/१० मा मृत्यु भएको व्होरा जनाई खाताको रकम भुक्तानी पाउँ भनी नाताले मृतकको **पत्नी श्रीमती बिष्णु**

५० को...

गम्भीर बिरामी थपिने र संक्रमितको धमाधम ज्यान गइरहँदा पनि तीन तहका सरकारबीच उचित समन्वय नभएको भन्दै पीडितका परिवारले चिन्ता व्यक्त गर्न थालेका छन्। जिल्लास्थित सुरक्षा समितिका अधिकारीले नै पर्साले अब यो महामारी कसरी नियन्त्रण गर्ने भन्नेमा आफूहरू नै अन्योलमा रहेको बताउन थालेका छन्। तीन तहका सरकार र मातहत रहेका संयन्त्रबीच समन्वय हुन नसक्नु सबैभन्दा जटिल समस्या भएको एक सुरक्षा अधिकारीले *नेपाल समाचारपत्र*लाई जानकारी दिए।

बागमती...

सांसद विजया केसीले उर्वरभूमि र मौलिकता सखाप पारेर हुने विकासले हित नगर्ने बताउनुभयो। 'बुङ्मती र खोकनाको आफ्नै इतिहास छ। विकासको नाममा निकै कम मुआब्जा दिएर जनतालाई सुकुम्बासी बनाउन पाइँदैन। त्यसकारण हाल त्यहाँ जारी आन्दोलनका पीडितको माग पूरा गर्नुको विकल्प छैन।' -उहाँले भन्नुभयो।

डा. केसीको...

उहाँले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तत्काल पूर्वाधार र जनशक्ति पुऱ्याएर एमबीबीएसलगायत कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने माग अघि सार्नुभएको छ। उहाँले प्रतिष्ठानमा स्नातकोत्तर अध्ययनका लागि दिइनुपर्ने अनुमति प्रधानमन्त्रीले नाजायजरूपमा रोकिराखेको आरोप लगाउँदै उक्त प्रतिष्ठानको स्नातकोत्तर तहको अनुमति तत्काल प्रदान गर्न अनुरोध गर्नुभएको छ।

त्यस्तै गेटा मेडिकल कलेज र र ाप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तत्काल पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी पठनपाठन शुरू गराउन पनि उहाँले माग राख्नुभएको छ।

मूकदर्शक...

पूर्वउपकुलपति प्राडा महर्जनले जसले पायो त्यसले ताला लगाउँदा समस्या बढेर जाने बताउँदै तत्काल खोल्न सुझाव दिनुभएको थियो।

सरकार आफ्नै, सबै पदाधिकारी एउटै पार्टीको हुँदासम्म उपकुलपतिले चासो नदेखाउनु लज्जास्पद विषय भएको अन्य कर्मचारीको भनाइ छ। पूर्वउपकुलपति प्राडा महर्जन कार्यकालका रजिस्ट्रार प्राडा चन्द्रमणि पौडेलले उपकुलपति प्राडा महर्जनको कार्यकालमा कार्यकारी परिषद्को बैठकले तीन संगठनबाहेक अन्यले तालाबन्दी गरे तत्काल खोल्ने

निर्णय गरेक
संगठन
रजिस्ट्रार क
सहयोगमा त
तर अहिले
ताला खोल्ने
पूर्वरजिस्ट्रार
तालाबन्दी हुँ
पदाधिकारीव
लगाउनुभयो
प्रजातन्
अध्यक्ष सहप्र
पटकपटक ज
भेट गरी माग
नगरेपछि बा
बताउनुभयो।
भागबण्डा गर
होइनौं, जेष्
विश्वसनीयत
डीन, विभा
प्रमुखको नि
अनिश्चितका
'भागब
तीन पदाधि
तालाबन्दी
मागको विष
नदेखाएर म
निकटलाई नि
भएर ताला
भनाइ थियो
संघले
असार ४ र
ज्ञापनपत्र
नसुनेपछि बा
जनाएको छ।
संघले
नभएसम्मा त
राखेको छ।
प्राध्यापक सं
मनोमानी ग
जनाएको छ।

एसईईव

नियन्त्र
साताभित्र प
तयारी थाले
पनिकाले २
गर्ने काम शु
कोभिड
एसईई परीक्ष
भएपछि प
परीक्षण गर्ने
विद्यालयले
इकाइले प्रमा
पठाउने व्यव
अक्षराङ्क प्र

नजायते मृयते वा व
अजो नित्यः शाश्वत
भावपू
जन्म
वि.सं. १९९९/१२/०८

केही दिन इजलास न गठन भएन। नयाँ आर्थिक वर्ष शुरू भएपछि मुद्दाको मिसिल मिलाउनका लागि केही दिन इजलास गठन नभएको सर्वोच्चका एक कर्मचारीले जानकारी दिए।

यही साउन ५ गतेबाट केही सीमित इजलास गठन हुन थालेका थिए। ९ गतेसम्म सीमित

पूर्व केन्द्रीय सदस्य ज्ञानेन्द्र अधिकारीले अदालत जान पनि अब डराउनुपर्ने अवस्था आएको उल्लेख गर्नुभयो। कोरोना भाइरसको डर झन् बढ्दै गएको बताउँदै सर्वोच्चका कर्मचारीले सुरक्षात्मक उपाय नअपनाए डरलाग्दो अवस्था आउन सक्ने उल्लेख गरेका छन्।

कुमारी भारतीले यस नयाँ सडक शाखा कार्यालयमा मिति २०७७-०४-०४ गते निवेदन दिएको हुँदा, मृतकको खातामा भएको रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको नयाँ सडक शाखा कार्यालय, खिचापोखरी, काठमाण्डौमा स-प्रमाण हकदावी गर्न आउनुहोला। ३५ दिन म्याद भित्र दावी गर्न नआएमा निवेदक श्री विष्णु कुमारी भारतीको नामको खातामा रकम भुक्तानी गरिने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

जोशी पक्षका कार्यकर्ताको सामूहिक राजीनामा दिने चेतावनी

तनहुँ, (नेस)

नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिले पूर्वसहमहामन्त्री एवं पूर्वमन्त्री गोविन्दराज जोशीलाई कारबाही गर्ने निर्णय गरेसँगै जोशीका पक्षधरले विरोध गर्न थालेका छन्। जोशी पक्षधरका कार्यकर्ताले कांग्रेसले कारबाहीको निर्णय फिर्ता नलिए सामूहिक राजीनामा दिने चेतावनी दिएका छन्। सदरमुकाम दमौलीमा सोमबार पत्रकार सम्मेलन गरी विरोध गर्दै कार्यकर्ताले कारबाही फिर्ता नलिए संयुक्तरूपमा राजीनामा दिने चेतावनी उनीहरूले दिएका हुन्।

जोशीको गृहजिल्ला तनहुँका कार्यकर्ताले पाँच वर्षसम्मका लागि निष्काशन गर्ने निर्णय पार्टीले फिर्ता नलिए कांग्रेसको सदस्यता नवीकरण नगर्ने, नवीकरण गर्ने कार्यलाई अवरोध पुऱ्याउने उनीहरूको भनाइ छ।

चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः- २०७७/०४/१३)

यस कार्यालयबाट तपशिलमा उल्लेखित कार्यको लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं	ठेक्का नं.	कामको विवरण	छनोट भएका वोलपत्रदाताहरु	स्वीकृत रकम रु
1	CM/NCB/ GOODS/07/2076/077	Supply & Delivery of Fire Fighting Vehicles	National Fire Safe Pvt.Ltd	50,15,000.00

प्रमुख प्रशासकीय अधिकृत

स्व. प्रा.

सद्विचार, सदाचार र सद्भावनाले प
अभिभावक एवं प्रेरणाका स्रोत श्रध्देय
जीवन र हृदयलाई शून्य तुल्याई
प्रेरणालाई शिरोपर गर्दै जीवनमा
समवेदना र सहानुभूति
शुभेच्छुकहरूमा हा

छोरी अलका आत्रेय, **ज्वाईं** रुद्र चूडाल
छोरी आज्ञा आत्रेय, **ज्वाईं** गंगाप्रसाद न्यौपा
छोरी प्रीति आत्रेय, **ज्वाईं** बाबुराम ज्ञवाली
छोरा आलोक आत्रेय, **बुहारी** समता नेपाल
छोरा अलंकार आत्रेय, **बुहारी** प्रमीला रिजा
भतिजा बुहारी ऋचा सापकोटा शर्मा
भतिजा अमित अर्ज्याल, **बुहारी** गरिमा अ
भतिजा शेखर अर्याल, **बुहारी** सन्दिका सुवे
भतिजा सितेन्द्र अर्याल, **बुहारी** श्वेता शर्मा
भतिजा शशांकराज अर्याल
भतिजीहरू : मधु शर्मा, चारू अर्ज्याल, स
भान्जा भान्जीहरू : अञ्जना उपाध्याय
अभिज्ञा सुवेदी, रवि शर्मा, आशीष सुवेदी
अनुपा पोखेल, प्रणिता न्यौपाने
नाति-नातिनीहरू : नन्दिता, धवल, कृति,

एवं सग